# काठ / दाउरा कटान मुछान संकलन तथा घाटगद्धि गर्ने बारेको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०८१/११/१९**

डिभिजन वन कार्यालय, चितवन अन्तर्गत पदमपुर सब डिभिजन वन कार्यालयबाट राष्ट्रिय वनमा प्लट कायम गरी रितपूर्वक छपान मूल्याङ्कन भएका ४ (चार) वटा प्लटको ढलापडा/सुखडखडा रुख संख्या ४०३ को अनुमानित आयतन काठ ३२,८३२.८१ क्यु.फिट र दाउरा ३४.८७ चट्टा कटान, मुछान, ढुवानी, पाईलिङ्ग तथा दाउरा चट्टा लगाई घाटगद्धि गर्ने कार्य बोलपत्र प्रक्रियाबाट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । बोलपत्रको प्रतिस्पर्धामा वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता भई रितपूर्वक फर्म दर्ताको प्रमाणपत्र, स्थाई लेखा नं. (PAN) वा मुल्य अभिवृद्धिकर (VAT) दर्ताको प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र भएको इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्रत्येक प्लटको छुटाछुट्टै सिलवन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ ।

## तपसिल

| सि.नं. | सब-डि.व.का. | प्लटको नाम | मुल्याङ्कन | | | | | | | जम्मा लागत अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्लट नं. | जात | रुख संख्या | नेट आयतन (क्यू.फिट) | लागत अनुमान रु. | जर्ना चट्टा | लागत अनुमान रु. | |
| १ | पदमपुर | रानिखोला १ | १ | साल | ११६ | ८६८४.५४ | १२१५८३५.६० | ९.५७ | १४४९५६.७९ | १३६०७९२.३९ |
| २ | | रानिखोला २ | २ | साल | ११७ | ९१७९.३३ | १२८५१०६.२० | ९.६९ | १४६७७४.४३ | १४३१८८०.६३ |
| ३ | | भिमवली १ | १ | साल | १०० | ७२७३.५९ | १०१८३०२.६० | ७.५० | ११३६०२.५० | ११३१९०५.१० |
| ४ | | कालिखोला देउराली १ | १ | साल | ७० | ७६९५.३५ | १०७७३४९.०० | ८.११ | १२२८४२.१७ | १२००१९१.१७ |
| जम्मा | | | | | ४०३ | ३२८३२.८१ | ४५९६५९३.४० | ३४.८७ | ५२८१७५.८९ | ५१२४७६९.२९ |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८१/१२/१९ गते कार्यालय समय भित्र सो दिन बिदा परेमा सो को भोलिपल्ट ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मितिः २०८१/१२/२० (ख) समयः दिनको १२.०० बजेसम्म । सो दिन बिदा परेमा सोको भोलिपल्ट ।

३. बोलपत्र डिभिजन वन कार्यालय, चितवन वा वन निर्देशनालय वाग्मती प्रदेश, हेटौडा वा वन तथा भु-संरक्षण विभाग ववरमहल, काठमाण्डौमा प्रत्येक प्लटको छुट्टा छुट्टै खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रीय वाणीज्य बैंकमा रहेको प्रदेश लेखा ईकाइ कार्यालय, चितवनको खातामा खाता नं. १३१०१००२०२०३०००० मा डिभिजन वन कार्यालय चितवनको नामवाट कार्यालय कोड ३२९०१३१०१३ मा जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी रकम नगद पेश गर्न पाइने छैन ।

५. वैकं जमानत धरौटीको रुपमा पेश गरिएमा यस्तो जमानत कम्तिमा ६ महिनाको लागी हुनु पर्ने छ ।

६. बोलपत्र फाराम प्रति प्लटको रु ३०००/- ( तिन हजार) पछि फिर्ता नहुने गरी डिभिजन वन कार्यालय, चितवन वा वन निर्देशनालय वाग्मती प्रदेश, हेटौडा वा वन तथा भु-संरक्षण विभाग ववरमहल, काठमाण्डौमा प्रत्येक प्लटको छुट्टा छुट्टै खरिद तथा दाखिला गर्न सकिनेछ ।

७. बोलपत्रवाट कटान भई उत्पादन भएको काठ दाउराको कटान तथा घाटगद्धि रजिष्टर र पन्धरोजामा उल्लेखित वमोजिमको परिमाणलाई वोलपत्रमा सकार गरेको प्रतिक्यु फिट काठ र प्रतिचट्टा दाउरा वमोजिमको दर रेटको आधारमा सम्वन्धित सव डिभिजन वन कार्यालयवाट कार्य सम्पन्न भएको भनि लगत प्रमाणित गरि सिफारिस भई आए वमोजिम भुक्तानी हुने छ।

८. बोलपत्रमा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा न. (PAN) वा मुल्य अभिवृद्धिकर (VAT) दर्ताको प्रमाण पत्र प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू वन निर्देशनालय वाग्मती प्रदेश, हेटौडा र वन तथा भु संरक्षण विभाग ववरमहल, काठमाण्डौवाट समेत आईसके पछि साक्षीहरूको रोहवरमा खोलिने छ (रित नपुगेका बोलपत्रमाथि कुनै कारवाही गरिने छैन)।

१०. बोलपत्र स्विकृत भएको जानकारी प्रास भएको ७ (सात) दिन भित्र संझौता गरि रितर्पुक वन पेशी पुर्जि लिई तोकिएको प्लटमा कार्य प्रारम्भ गर्नुपर्ने छ ।

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ र काठ कटान मुछान, ढुवानी र पाइलिङ्ग तथा दाउरा कटान मुछान ढुवानी र चट्टा लगाउने कार्यको प्रति क्युफिट र प्रति चट्टाको सकार अंक वोलपत्रमा अलग अलग खुलाई पेश गर्नु पर्ने र दुवैको प्रति इकाई संकलन खर्चको सबैभन्दा कम अंकको आधारमा वोलपत्र तुलना गरिनेछ ।

१२. बोलपत्रहरु प्लट अनुसार पुर्ण वा आंशिक सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. काठ /दाउरा कटान मुछान, ढुवानी तथा घाटगद्धि सम्वन्धिमा अन्य व्यवस्था वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ (संशोधन सहित) मा उल्लेख भए वमोजिम हुनेछ ।

१४. अन्य सुचनामा नखुलेका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।